# युवा, खेलकुद, भाषा तथा लिपिसम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन

## आर्थिक वर्ष २०७७/०७८

*प्रदेश सरकार*

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

२०७७

# युवा, खेलकुद, भाषा तथा लिपिसम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन

सामाजिक विकास मन्त्रालय र मातहतका निर्देशनालय तथा सामाजिक विकास डिभिजन कार्यालयबाट आर्थिक वर्ष २०७७/७८ मा सञ्चालन हुने युवा, खेलकुद, भाषा तथा लिपिसम्बन्धी कार्यक्रमहरुको पारदर्शी, मितव्ययी, प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन तथा  सहजीकरणका लागि यो कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरिएको छ।

सामाजिक विकास मन्त्रालयबाट स्वीकृत मितिः ९ भाद्र, २०७७


प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

बुटवल,

फोनः ०७१-५५०६५०

Email: sdm.butwal@gmail.com

Website: www.mosd.p5.gov.np

# विषय-सूची


कार्यक्रमको अवधारणापत्रको खाका ........ iv

कार्य शर्तको मोटमोटी खाका ........ viii

कार्यक्रम सञ्चालनका मार्गदर्शन ........ 9

ब.उ.शि.नं ३५०००० १८ युवा तथा खेलकुद कार्यक्रम ........ 11

१. मुख्यमन्त्री प्रदेश स्वयंसेवक कार्यक्रम ........ 11

२. मुख्यमन्त्री रनिङशिल्ड प्रतियोगिता सञ्चालन ........ 12

३. साझेदारीमा खेलकुद एकेडेमी सञ्चालन ........ 14

४.खेलकुद प्रवर्धन कार्यक्रम ........ 17

५. खेलकुद प्रशिक्षक प्रशिक्षण कार्यक्रम ........ 19

६. साझेदारीमा विद्यालय खेलकुद संरचना मर्मत सम्भार तथा निर्माण । ........ 21

७. खेलकुद संरचनाको पुर्वाधार निर्माण साझेदारी कार्यक्रम ........ 24

८. नेत्रलाल अभागी रंगशाला, दाङ । ........ 26

९. उजीरसिंह रंगशाला, बुटवल । ........ 27

१०. स्काउट तालिम सञ्चालन कार्यक्रम ........ 29

ब.उ.शि.नं. ३५००००१६ श्रम तथा रोजगार कार्यक्रम ........ 31

१. खेलकुद प्रशिक्षक प्रशिक्षण कार्यक्रम ........ 31

ब.उ.शि.नं. ३५००००१७, भाषा तथा संस्कृति कार्यक्रम ........ 35

१. प्रदेश ५ भित्र बोलिने लोपोन्मूख तथा अन्य भाषा एवं लिपिको संरक्षण तथा विकास कार्यक्रम ........ 35

## कार्यक्रमको अवधारणापत्रको खाका

१. आयोजनाको संक्षिप्त परिचय

| | |
|---|---|
| १. आयोजनाको नाम (Project Name) | |
| २. आयोजनाको खर्च सङ्केत (Project Expenditure Code_ | |
| ३. आयोजनाको औचित्य (Project Rationale) | |
| ४. आयोजनाको कूल बजेट (Project Budget) | |
| ५. आयोजना रहने स्थान (Project Location) | |
| ६. आयोजनाको मुख्य उदेश्य (Project Objectives) | |
| ७. आयोजनाको अपेक्षित प्रतिफल (Project Outputs) | |
| ८. आयोजनाको अपेक्षित नतिजा (Project Outcomes) | |
| ९. आयोजनाका लाभग्राही (Project Beneficiaries) | |
| १०.आयोजना कार्यान्वयन गर्ने निकाय (Implementing Agencies) | |

२. आयोजनाको बजेट खर्चको बाँडफाँट

| जनशक्तिको खर्च (Expenditures on Human Resources) | | | |
|---|---|---|---|
| जनशक्ति विवरण (Description) | एकाई (Unit) संख्या | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| सामग्री (Expenditures on Goods) | | | |
| विवरण (Description) | एकाई ( Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |

| | | | |
|---|---|---|---|
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| निर्माण खर्च (Construction Cost) | | | |
| विवरण (Description) | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| तालिम खर्च (Training Cost) | | | |
| विवरण (Description) | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| परामर्श खर्च (Consultancy Cost) | | | |
| विवरण (Description) | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| अनुगमन खर्च (Monitoring Cost) | | | |
| विवरण (Description) | एकाई (Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |

| | | | |
|---|---|---|---|
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| कार्यक्रमसँग सम्बन्धित खर्च मात्र समावेश गर्नु पर्दछ। जस्तै निर्माण कार्यमा तालिम खर्च नहुन सक्छ | | | |

३. आयोजनाको अनुगमन तथा मूल्याङ्कन तालिका

| विवरण | समय तालिका | पटक | अनुगमनमा संलग्न जनशक्ति | |
|---|---|---|---|---|
| | | | विवरण | संख्या |
| १. सम्भाव्यताको लागि स्थलगत भ्रमण | | १ | | |
| २. लागत अनुमान तयार पार्न स्थलगत अनुगमन | | १ | | |
| ३. प्रगति अनुगमन | | | | |
| ४. जाँचपासको लागि स्थलगत भ्रमण | | | | |
| ५. सार्वजनिक परीक्षणको स्थलगत भ्रमण | | १ | | |
| ६. आयोजना हस्तान्तरणमा भ्रमण | | १ | | |
| ७. प्रगति समीक्षा | | १ | | |

४. आयोजनाको कार्यान्वयन तालिका

| क्रियाकलाप | समय | जिम्मेवारी | प्रतिफल |
|---|---|---|---|
| १. अवधारणा पत्र तयार | श्रावण/भाद्र | सम्बन्धित महाशाखा | अवधारणा पत्र |
| २. लागत अनुमान तयार पार्ने | भाद्र | | लागत अनुमान |
| ३. परामर्श सेवा भए कार्य शर्त ( ToR) र RFP तयार गर्ने | भाद्र | | TOR and RFP |
| ४. तालिम कार्य भए तालिमा योजना तयार पार्ने | भाद्र/आश्विन | | Training Plan |
| ५. सामग्री खरिद भए स्पेसिफिकेशन सहित बिड डकुमेन्ट तयार गर्ने | भाद्र/आश्विन | | Specification and bid document |
| ६. निर्माण कार्य भए स्पेसिफिकेसन, Drawinng, design, Bid Document तयार गर्ने | भाद्र/आश्विन | | Bid document with specification, drawing and design |

| | | | |
|---|---|---|---|
| ७. सूचना वा प्रस्ताव आव्हान | भाद्र | | |
| ८. प्रस्तावको मूल्यांकन | आश्विन | | Evaluation |
| ९. सम्झौता समय | कार्तिक | | Agreement |
| १०.कार्यान्वयन | मंसिर-फागुन | | Implementation |
| ११.जाँचपास | चैत्र | | Technical Examination |
| १२.सार्वजनिक परीक्षण | बैशाख | | Public Audit |
| १३.फरफारक | बैशाख | | Clearance |

५. आयोजना जोखिमको लेखाजोखा

| सम्भावित जोखिम (Potential Risks) | जोखिमबाट आउन सक्ने परिणाम ( Consequences) | जोखिम न्यूनीकरणको रणणनीति (Risks Reduction Strategy) |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

## कार्य शर्तको मोटमोटी खाका

१. परिचय (Introduction)

२. अध्ययनको उदेश्य (Study Objectives)

३. अध्यनको अपेक्षित नतिजा (Expected Outputs)

४. अध्ययनको कार्य क्षेत्र (Scope of Work)

५. अध्ययन विधि (Methodology)

६. अध्ययनमा संलग्न जनशक्तिको विवरण, संख्या र निजहरुको योग्यता (Human Resources and Qualification)

७. अध्ययन प्रतिवेदनको भाषा र संख्या (Language of Work)

८. अध्ययनको व्यवस्थापनको जिम्मेवारी (Responsible Unit)

९. लागत अनुमान (Cost Breakdown)

१०. परामर्श दाता छनौटको मूल्यांकनको आधार (खरिद ऐन अनुसार)

११. परामर्शदाताले पेश गर्नु पर्ने दस्तावेजहरु (Documents to be submitted)

१२. अनुगमन तथा मूल्यांकन ( Monitoring and Evaluation)

१३. परामर्शदाताको समय तालिका (Time Schedule)

१४. भुक्तानीको किस्ता तरिका ( Payment and Instalment)

१५. प्रतिवेदनको पुनरावलोकन ( Review of Report)

१६. परामर्शदाताले पालन गर्नु पर्ने अन्य शर्तहरु

१७. अनुसूचीहरु ( Annexes)

१. प्रतिवेदनको ढाँचा (Format of Report)

२. आर्थिक प्रस्तावको ढाँचा (Financial Proposal Format)

३. प्राविधिक प्रस्तावको ढाँचा (Technical Proposal Format)

४. परामर्शदाताको विज्ञ टोलिको व्यक्तिगत विवरणको ढाँचा (Format of Bio-data)

## कार्यक्रम सञ्चालनका मार्गदर्शन

बार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्दा महाशाखा प्रमुख, लेखा प्रमुख, डिभिजन प्रमुख तथा कार्यक्रम संयोजक लगायत कार्यक्रममा संलग्न कर्मचारी तथा निकायहरुले ध्यान दिनुपर्ने महत्वपूर्ण विषयहरु देहाय बमोजिम रहेका छन्-ः

१. यो मार्गदर्शन सामाजिक विकास मन्त्रालय र मातहतका निकायबाट आर्थिक वर्ष २०७७/०७८ मा सञ्चालन गर्ने कार्यक्रमको कार्यान्वयन सहजीकरणका निमित्त तयार गरिएको छ ।

२. यो मार्गदर्शन र कार्यक्रम सञ्चालनसँग सम्बन्धी प्रचलित कानुन बाझिएमा प्रचलित कानुन अनुसार नै कार्यसम्पादन गर्नुपर्नेछ ।

३. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस मार्गदर्शनलाई राम्ररी अध्ययन गर्नुपर्दछ ।

४. यस मार्गदर्शनमा उल्लेखित विषयहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी युवा तथा खेलकुद मन्त्रालयको हकमा महाशाखा प्रमुख, निर्देशनालयको हकमा शिक्षा तथा सामाजिक विकास निर्देशनालयका प्रमुख र सामाजिक विकास डिभिजन कार्यालयको हकमा उक्त कार्यालयको प्रमुखको हुनेछ।

५. कार्यक्रम सञ्चालन गर्नु पूर्व प्रचलित कानुनको प्रावधान अनुकूल हुने गरी कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन प्रकृया, कार्यक्रममा लाग्ने अनुमानित खर्च बाँडफाँट, कार्यक्रमका सहभागी तथा स्रोतव्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान, मिति आदि उल्लेख गरिएको कार्यक्रमको रुपरेखा तथा अवधारणा (Detail Program Framework and Concept) संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट टिप्पणी आदेशबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गराउनु पर्दछ ।

६. स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजानिक खरिद ऐन २०६३, सार्वजानिक खरिद नियमावली (संशोधन २०७५ समेत) २०६४, प्रदेश नं ५ प्रदेश आर्थिक ऐन २०७५, प्रदेश नं ५ को सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, प्रदेश सार्वजनिक खरिद सम्बन्धी नियमावली, २०७६, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी भएको आर्थिक वर्ष २०७७।०७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५, नेपाल सरकारको भ्रमण खर्च नियमावली, २०६४ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई मितव्ययी, पारदर्शी तथा दक्षतापूर्वक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

७. कार्यक्रम सञ्चालनको अवधिमा कार्यक्रम सञ्चालनसँग सम्बन्धित कुनै ऐन, नियमावली, कार्यविधि, निर्देशिका संशोधन भएमा संशोधन भएको प्रावधान अनुसार गर्नुपर्दछ ।

८. यस मार्गदर्शनमा उल्लेखित वार्षिक कार्यक्रमको सञ्चालन गर्दा प्रदेश सरकार, प्रदेश नं.५ को सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, कार्य सञ्चालन निर्देशिका, भ्रमण खर्च नियमावली, आर्थिक ऐन, आर्थिक कार्यविधि नियमावली र खर्च सम्बन्धी अन्य निर्देशिका वा कार्यविधि स्वीकृत भएपश्चात सोही बमोजिम खर्च बाँडफाँट गरी कार्य सञ्चालन गर्नुपर्नेछ ।

९. कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा सामाजिक विकास मन्त्रालयको योजना हेर्ने महाशाखामा पठाउनुपर्नेछ । सामाजिक विकास डिभिजन कार्यालयले तालुकको निर्देशनालयमा समेत पठाउनु पर्नेछ।

१०. कार्यक्रमहरु सञ्चालन गर्दा नतिजामूलक अवधारणा (Result Framework), स्वीकृत कार्ययोजना, समयसारिणी र स्वीकृत खरिद योजना अनुसार गर्नुपर्नेछ । कुनै संघ संस्थाबाट कार्यक्रम सञ्चालन गर्दा सो कार्यक्रमको गुणस्तर कायम गर्ने, कार्यक्रमको विधि र प्रक्रिया पूरा गर्ने र सार्वजनिक लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धित संघ संस्थाको हुनेछ ।

११. तालिमहरु सञ्चालन गर्दा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्डको सीमाभित्र रही सञ्चालन गर्नु पर्नेछ

१२. प्रदेश विनियोजन ऐन अनुसार हुने गरी आवश्यकता र औचित्यका आधारमा स्थानीय तह मार्फत सञ्चालन गर्न सकिने कार्यक्रमहरु स्थानीय तहलाई अख्तियारी प्रदान गरी कार्यक्रमको कार्यान्वयन गर्न सकिनेछ ।

१३. संघ संस्थामार्फत सञ्चालन भएका कार्यक्रमहरुको सार्वजनिक परीक्षण गराएर मात्र फरफारक गराउने व्यबस्था मिलाउनु पर्नेछ ।

१४. भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा राष्ट्रिय भवन संहिता २०६०, नेपाल सरकारबाट स्वीकृत सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ पालना गर्नु पर्नेछ।

१५. भौतिक संरचना निर्माण गर्दा भवन ऐन, २०५५ ले निर्धारिण गरेको योग्यता पुगेको प्राविधिकबाट लागत अनुमान, डिजायन, स्पेसिफिकेशन तयार गर्नु पर्नेछ।

१६. परामर्शदाताबाट भएको अध्ययन सम्बन्धी कार्यको परामर्शदातालाई अध्ययन प्रतिवेदन प्रस्तुत गर्न लगाइ तोकिएको कार्यशर्त अनुसार कार्य भए नभएको सुनिश्चतता गर्नु पर्नेछ।

१७. कार्यक्रमको खर्च गर्दा महालेखा नियन्त्रकको कार्यालयको खर्च संकेतको व्याख्यालाई आधार मानी खर्च गर्नु पर्नेछ।

१८. तालिम कार्यक्रमको तालिम योजना तथा तालिम पाठ्यक्रम समेत तयार पार्नु पर्नेछ ।

१९. खरिद कार्य स्वीकृत वार्षिक खरिद योजना अनुसार गर्नु पर्नेछ।

## ब.उ.शि.नं ३५०००० १८ युवा तथा खेलकुद कार्यक्रम

### *१. मुख्यमन्त्री प्रदेश स्वयंसेवक कार्यक्रम*

| खर्च शीर्षक नं | बजेट | एकाइ | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २११३९ | १ करोड ५० लाख | पटक | १ | प.चौ. दो.चौ. ते.चौ. |

| | |
|---|---|
| परिचय | मुख्यमन्त्री प्रदेश स्वयंसेवक कार्यक्रम मार्फत् प्रदेश भित्र स्वयंसेवक परिचालन तथा स्वयंसेवकको प्रबर्धन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी युवामा स्वयंसेवी भावनाको विकासका माध्यमबाट प्रदेश तथा राष्ट्रिय विकासमा योगदान पुर्याउने कार्यका लागि मुख्यमन्त्री प्रदेश स्वयंसेवक कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | मुख्यमन्त्री प्रदेश स्वयंसेवक कार्यक्रम मार्फत युवाहरुमा स्वयंसेवी भावनाको विकास गर्ने तथा सार्वजनिक सेवा प्रवाहमा सहयोग गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. प्रदेश नं ५ स्वयंसेवक परिचालन कार्यविधि, २०७५ बमोजिम यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>२. स्वयमसेवक भर्ना, छनौट, सूचिकरण तथा सिफारिश सम्बन्धी मापदण्ड, २०७५ को पालना गर्नुपर्नेछ। |
| कार्यक्रमका क्षेत्र | शिक्षा, स्वास्थ्य, कृषि, इन्जिनियरिङ, खेलकुद, कानून, वातावरण, भौगोलिक सूचना प्रणाली |

| | |
|---|---|
| | र सूचना प्रविधि |
| बजेट बाँडफाँट | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | प्रदेश भित्रका कम्तीमा ६० जना युवाहरुमा स्वयंसेवी भावनाको विकास भई उनीहरुबाट सार्वजनिक सेवा प्रवाहमा समेत सहयोग पुगेको हुनेछ । |
| खर्च क्षेत्र | प्रदेश नं ५ स्वयंसेवक परिचालन कार्यविधि, २०७५ ले निर्धारण गरे वमोजिम स्वयमसेवकको निर्वाह खर्च। |

*२. मुख्यमन्त्री रनिङशिल्ड प्रतियोगिता सञ्चालन*

| खर्च शीर्षक नं | बजेट | एकाइ | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १ करोड ५० लाख | पटक | १ | प.चौ. दो.चौ. ते.चौ. |

| | |
|---|---|
| **परिचय** | विभिन्न खेलकुद प्रतियोगिताको सञ्चालन गरी खेलकुदको प्रवर्द्धन गर्ने कार्यको लागि मुख्यमन्त्री रनिङशिल्ड प्रतियोगिता सञ्चालनको कार्यक्रम राखिएको छ। मुख्यमन्त्री रनिङशिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७५ ले यस कार्यक्रम कार्यान्वयनका लागि कानुनी आधार प्रदान गर्नेछ। |
| **उद्देश्य** | विभिन्न खेलकुद प्रतियोगिताको सञ्चालन गरी खेलकुदको प्रवर्द्धन गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | १. जिल्ला स्तरीय प्रतियोगिताको हकमा सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरु<br>२. प्रदेश स्तरीय प्रतियोगिताको हकमा सञ्चालन हुने स्थानको सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन प्रक्रिया | मुख्यमन्त्री रनिङशिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७५ बमोजिम निम्नानुसारका प्रक्रिया पुरा गरी कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने छ।<br>१. प्रतियोगिता तयारी तथा सुझाव संकलनका लागि जिल्ला स्तरमा अनुगमन गरी सम्बन्धित डिभिजन कार्यालय र जिल्ला खेलकुद विकास समितिसँग छलफल गर्ने।<br>२. जिल्लास्तरको प्रतियोगिता तयारीका लागि सरोकारवालासँग समन्वय बैठक सञ्चालन गर्ने ।<br>३. निर्देशक समितिबाट खेल विधा छनौट तथा खर्चको नर्म्स स्वीकृत गर्ने ।<br>४. जिल्ला स्तरको प्रतियोगिता सञ्चालनका लागि सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा रकम निकाशा गर्ने ।<br>५. प्रचलित आर्थिक ऐन, नियम र मुख्मन्त्री रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका तथा निर्देशक समितिले स्वीकृत गरेको नर्म्सका आधारमा सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयले जिल्ला खरेलकुद विकास समितिहरुसँगको समन्वयमा जिल्लास्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।<br>६. प्रदेशस्तरीय प्रतियोगिता सञ्चालनका लागि प्रतियोगिता सञ्चालन स्थलको आवश्यक पूर्वाधार तथा अन्य कुराको अनुगमन गरी आवश्यक सुधार गर्ने ।<br>७. प्रदेशस्तरको प्रतियोगिता तयारीका लागि सरोकारवालासँग समन्वय बैठक सञ्चालन गर्ने ।<br>८. प्रदेश स्तरको प्रतियोगिता सञ्चालनका लागि सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा रकम निकाशा गर्ने ।।<br>९. प्रचलित आर्थिक ऐन, नियम र मुख्मन्त्री रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका तथा निर्देशक समितिले स्वीकृत गरेको नर्म्सका आधारमा सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयले जिल्ला खेलकुद विकास समितिहरुसँगको |

| | |
|---|---|
| | समन्वयमा प्रदेशस्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।<br>१०. जिल्लास्तर र प्रदेशस्तरको प्रतियोगिता सम्पन्न भएपछि अनिवार्य रुपमा मन्त्रालय र निर्देशनालयमा प्रतिवेदन संप्रेषण गर्नुपर्नेछ ।<br>११. प्रतियोगिताको नियमित अनुगमन तथा निरीक्षण गरी आवश्यक सुधार गर्ने । |
| **बजेट बाँडफाँट** | मुख्मन्त्री रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका तथा प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **खर्चका क्षेत्र** | पुरस्कार, खेलाडीको दैनिक भ्रमण खर्च, खेल सामग्री, खेल मैदान व्यवस्थापन खर्च, मूल्याङ्कन खर्च, खेलाडी पोशाक, मञ्च व्यवस्थापन खर्च, खेल व्यवस्थापनमा खटिने कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, खेलकुद प्रतियोगिताको श्रव्य दृष्य सामग्री निर्माण खर्च र अन्य फुटकर खर्च |
| **अपेक्षित उपलब्धि** | विभिन्न खेलकुद प्रतियोगिताको सञ्चालन भइ खेलकुदको प्रवर्द्धन भएको हुनेछ । |

*३. साझेदारीमा खेलकुद एकेडेमी सञ्चालन*

| **खर्च शीर्षक नं** | **बजेट** | **एकाइ** | **लक्ष्य** | **कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि** |
|---|---|---|---|---|
| २२५२२ | २५ लाख | वटा | २ | प.चौ. दो.चौ. ते.चौ. |

| | |
|---|---|
| **परिचय** | सम्भावना बोकेका खेलाडिको खोजी गरी सानै उमेरदेखि गहन प्रशिक्षणको माध्यमबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्नका लागि प्रदेशमा रहेका खेलकुद एकेडेमीहरुसँग सहकार्य गरी खेलकुदको जनशक्ति उत्पादन गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | खेलकुद एकेडेमीको सञ्चालनका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीको |

| | |
|---|---|
| | उत्पादन गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | सम्बन्धित डिभिजन कार्यालय |
| कार्यक्रमका क्षेत्र | फुटवल र क्रिकेट |
| कार्यक्रम सञ्चालन प्रक्रिया | निम्नानुसारका प्रक्रिया पुरा गरी यस कार्यक्रमको कार्यान्वयन गर्नुपर्नेछः<br>१. मन्त्रालयले साझेदारीमा खेलकुद एकेडेमी सञ्चालन गर्न इच्छुक यस मार्गदर्शनमा उल्लेखित संस्थासँग प्रस्तावना माग गर्नको लागि सूचना प्रकाशन गर्ने।<br>२. प्राप्त प्रस्तावनाउपर मूल्याङ्कन गरी साझेदारीका लागि उपयुक्त खेलकुद संस्था छनौट गर्ने।<br>३. छनौट भएका संस्थासँगको साझेदारीमा खेलकुद एकेडेमी सञ्चालनका लागि मन्त्रालयले सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा बजेटको अख्तियारी पठाउने।<br>४. सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयले प्राप्त बजेटको सीमा भित्र रही यस मार्गदर्शनमा उल्लेखित साझेदारीका क्षेत्रमा खर्च गर्ने गरी मन्त्रालयबाट छनौट भएको खेलकुद संस्थासँग संझौता गर्ने।<br>५. खेलकुद एकेडेमीको कार्यसम्पादन मूल्याङ्कनका आधारमा ३ किस्तामा साझेदारी रकम प्रदान गर्ने। |
| बजेट बाँडफाँट | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्ने छ । |
| खर्च क्षेत्र | प्रशिक्षकको पारिश्रमिक, प्रशिक्षार्थीहरुका लागि खेलकुद सामग्री, प्रशिक्षार्थी ड्रेस, प्रशिक्षार्थीहरुलाई प्रशिक्षण अवधिको खाना, यातायात तथा आवासको मासिक खर्च, आवासको संरचनाको मर्मत संभार तथा निर्माण खर्च |
| योग्य संस्थाहरु | १. प्रचलित कानून वमोजिम दर्ता भई नविकरण गरिएका प्रदेश नं. ५ भित्रका |

| | |
|---|---|
| | खेलकुद एकेडेमीहरु।<br>२. प्रदेश ५ भित्रका sport science संकाय सञ्चालन गरेका विश्वविद्यालयहरु।<br>३. राष्ट्रिय खेलकुद परिषदमा नियमानुसार दर्ता भएका खेलकुद संघ। |
| एकेडेमी सञ्चालन गर्ने संस्थाहरुको न्युनतम पूर्वाधारहरु | १. एकेडेमीको भवन<br>२. खेल मैदानको व्यवस्था<br>३. प्रशिक्षकको व्यवस्था<br>४. एकेडेमीको नियमित कर्मचारी<br>५. नियमित प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको<br>६. आवासको सुविधा<br>७. प्रशिक्षण कक्ष |
| मूल्याङ्कनका आधारहरु | १. प्रशिक्षक: २ जनासम्म भए ५ अंक सो भन्दा वढी भएमा हरेक प्रशिक्षकको १ अंकका दरले वढीमा जम्मा १० अंक।<br>२. कर्मचारी: २ जना सम्म भएमा २ अंक र सो भन्दा वढी भएमा हरेक कर्मचारीको १ अंकका दरले वढीमा ३ अंक गरी जम्मा ५ अंक।<br>३. खेल मैदान: आफ्नै स्वामित्वमा खेलमैदान भए ५ अंक र भाँडाको भएमा २ अंक।<br>४. एकेडेमी भवन: आफ्नै स्वामित्वमा एकेडेमी भवन भए ५ अंक र भाडाको भएमा २ अंक।<br>५. नियमित प्रशिक्षण: गत आ.व.मा कम्तिमा १ व्याच प्रशिक्षण कार्यक्रम सञ्चालन गरेकोमा ५ अंक र सो भन्दा बढीको हकमा प्रति व्याचको २.५ अंकका दरले बढीमा ५ अंक गरी जम्मा १० अंक ।<br>६. खेलाडी उत्पादन: गत आ.व.मा २० जना खेलाडी उत्पादन गरेकोमा ५ अंक तथा सो भन्दा वढीको हकमा प्रति प्रशिक्षार्थी १ अंकका दरले वढीमा ५ अंक गरी जम्मा १० अंक। |

| | |
|---|---|
| | ७. प्रशिक्षार्थी गुणस्तरः विगत २ वर्ष यता प्रशिक्षण लिएका खेलाडीहरुले राष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिएको भए ५ अंक र प्रतियोगितामा पुरस्कार समेत जितेको भएमा थप ५ अंक गरी जम्मा १० अंक।<br>८. प्रशिक्षण कक्षः एउटा समूहका लागि प्रशिक्षण कक्षको व्यवस्था भएमा ५ अंक र सो भन्दा बढीको लागि प्रति कक्ष २.५ अंकका दरले बढिमा ५ अंङ्क गरी जम्मा १० अंक। |
| खेलाडी/विद्यार्थी छनौटका आधार | १. छनौट भएको एकेडेमीले यस प्रदेशका १२ जिल्लाबाट प्रति जिल्ला कम्तीमा २ जना पर्ने गरी कम्तीमा २१ दिनको सार्वजनिक सूचना प्रकाशन गरी बढीमा १३ वर्ष मुनिका खेलाडी/विद्यार्थी छनौट गर्नु पर्नेछ।<br>२. सम्भव भएसम्म छात्राको पनि सहभागिता गराउनु पर्नेछ।<br>३. सम्बन्धित डिभिजन कार्यालयको प्रतिनिधिको रोहवरमा सञ्चालन गरिएको लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्तासमेतको मूल्याङ्कनबाट विद्यार्थी छनौट गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धि | साझेदारीमा खेलकुद एकेडेमीको सञ्चालनका भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन भएका हुनेछन्। |

*४.खेलकुद प्रवर्धन कार्यक्रम*

| खर्च शीर्षक नं | बजेट | एकाइ | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १५ लाख | वटा | ५ | दो.चौ. ते.चौ. |

| | |
|---|---|
| परिचय | खेलकुदको माध्यमबाट खेलाडीहरुको सर्वाङ्गिण पक्षको विकास गर्दै प्रादेशिक पहिचान र राष्ट्रको गौरव बढाउन उनीहरूमा रहेको बहुप्रतिभाको प्रष्फुटन गराई खेलकुदको |

| | |
|---|---|
| | विकासमा योगदान पुऱ्याउने लक्ष्य र उद्देश्यका साथ नियमानुसार दर्ता भई सञ्चालनमा रहेका संघ संस्थालाई खेलकुद प्रतियोगिता सञ्चालन गर्नका लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नका लागि यो कार्यक्रम राखिएको हो। खेलकुद प्रबर्द्धनका लागि साझेदारी व्यवस्थापन निर्देशिका, २०७६ ले प्रस्तुत कार्यक्रम कार्यान्वयनका लागि कानुनी आधार प्रदान गर्नेछ। |
| **उद्देश्य** | विभिन्न प्रकारका खेलकुद प्रतियोगिता सञ्चालनका लागि नियमानुसार दर्ता भएका संघसंस्थालाई सहयोग प्रदान गरी खेलकुदको विकास गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | खेलकुद प्रबर्द्धनका लागि साझेदारी व्यवस्थापन निर्देशिका, २०७६ बमोजिम निम्नानुसारका प्रक्रिया पुरा गरी कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने छ ।<br>१. मन्त्रालयले नियमानुसार दर्ता भएका खेलसँग सम्बन्धित संस्थाबाट साझेदारीमा खेलकुद प्रतियोगिता सञ्चालनका लागि सार्वजनिक सूचना मार्फत प्रस्तावना माग गर्ने।<br>२. पेश भएका प्रस्तावनाउपर मूल्याङ्कन गरी उपयुक्त संस्था छनौट गर्ने ।<br>३. साझेदारीका क्षेत्र र सोवापतको रकम निर्धारण गर्ने ।<br>४. मन्त्रालयले छनौट भएको संस्थासँग साझेदारीमा खेलकुद प्रतियोगिता सञ्चालनका लागि सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा बजेटको अख्तियारी पठाउने।<br>५. सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयले छनौट भएको संस्थासँग संझौता गरी खेलकुद प्रतियोगिता सञ्चालनका लागि प्रदान गरिने साझेदारी रकम नियमानुसार निकाशा गर्ने ।<br>६. खेल प्रतियोगिताको प्रभावकारी रुपमा अनुगमन गर्ने । |

| | |
|---|---|
| | ७. खेल प्रतियोगिताको प्रभावकारी रुपमा अनुगमन तथा निरीक्षण गरी आवश्यक सुधार गर्ने । |
| बजेट बाँडफाँट | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्ने छ । |
| खर्च क्षेत्र | पुरस्कार र खेलकुद सामग्री |
| साझेदारी गर्ने रकम | प्रति प्रतियोगिता कम्तीमा ३ लाखका दरले यस मार्गदर्शनमा तोकिएका खर्च क्षेत्रमा खर्च गर्ने गरी साझेदारी रकम प्रदान गर्नुपर्नेछ। |
| कार्यविधि | खेलकुद प्रबर्द्धनका लागि साझेदारी व्यवस्थापन निर्देशिका, २०७६ |
| अपेक्षित उपलब्धि | विभिन्न प्रकारका खेलकुद प्रतियोगिता सञ्चालनका लागि नियमानुसार दर्ता भएका संघ संस्थाहरुसँगको साझेदारीमा विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन भएका हुनेछन् । |

*५. खेलकुद प्रशिक्षक प्रशिक्षण कार्यक्रम*

| खर्च शीर्षक नं | बजेट | एकाइ | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | २४ लाख | पटक | १ | दो.चौ. ते.चौ. |

| | |
|---|---|
| परिचय | खेलकुदको माध्यमबाट खेलाडीहरुको सर्वाङ्गीण पक्षको विकास गर्दै प्रादेशिक पहिचान र राष्ट्रको गौरव बढाउन उनीहरूमा रहेको बहुप्रतिभाको प्रष्फुटन गराई खेलकुदको विकासमा योगदान पुऱ्याउनका लागि विद्यालय तहदेखि नै खेलकुद प्रशिक्षणलाई थप व्यवस्थित बनाउन आवश्यक छ। यसका लागि विद्यालयमा दक्ष तथा क्षमतावान खेलकुद शिक्षकको आवश्यकता पर्दछ। अतः सामुदायिक विद्यालयका खेलकुद शिक्षकका लागि खेलकुद प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी सोका माध्यमबाट विद्यालय तह देखि नै खेलाडीहरु उत्पादन गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो। |

| | |
|---|---|
| उद्देश्य | सामुदायिक विद्यालयका खेलकुद शिक्षकका लागि खेलकुद प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय |
| कार्यक्रम सञ्चालन प्रक्रिया | निम्नानुसारका प्रक्रिया पुरा गरी कार्यक्रमको कार्यान्वयन गर्नुपर्नेछः<br>१. डिभिजन कार्यालयले प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय खेलकुद परिषदबाट मान्यता प्राप्त गरेका प्रशिक्षकको रोष्टर सूची तयारी गर्नु पर्नेछ।<br>२. डिभिजन कार्यालयले प्रशिक्षकहरुसँगको समन्वयमा यस मार्गदर्शनमा उल्लेखित खेलहरु समावेश हुने गरी प्रशिक्षणका लागि प्रशिक्षण पाठ्यक्रम निर्धारण गर्नुपर्नेछ।<br>३. प्रशिक्षकको रोष्टर सूचीमा समावेश भएका प्रशिक्षकहरुबाट प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।<br>४. प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने।<br>५. यस कार्यक्रमका लागि सम्बन्धित जिल्ला खेलकुद विकास समिति, सम्बन्धित विद्यालय तथा सम्बन्धित खेल सम्बद्ध संस्थाहरुसँग समेत साझेदारी गर्न सकिनेछ । |
| खर्चका क्षेत्र | सहभागी खाजा, प्रशिक्षक भत्ता, प्रशिक्षण सामग्री खरिद, सहभागी यातायात, । |
| बजेट बाँडफाँट | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्ने छ । |
| प्रशिक्षार्थीको न्यूनतम योग्यता | सामुदायिक विद्यालयका खेलकुद शिक्षक |
| प्रशिक्षणमा समावेश गरिने | भलिवल, फुटवल, क्रिकेट, मार्शल आर्टस, एथलेटिक्स, कबड्डी, कुस्ती, चेस |

| | |
|---|---|
| खेलहरु | |
| प्रशिक्षणको अवधि | न्युनतम १५ दिन |
| प्रशिक्षार्थीको छनौट | १. डिभिजन कार्यालयले प्राप्त बजेटको सीमा भित्र रही सम्बन्धित स्थानीय तहसँगको समन्वयमा प्रशिक्षणमा सहभागी हुने सामुदायिक विद्यालयका खेलकुद शिक्षकको छनौट गर्नुपर्नेछ।<br>२. सम्वभ भएसम्म जिल्ला भित्रका सबै स्थानीय तहको प्रतिनिधित्व हुनेगरी शिक्षकको छनौट गर्नुपर्नेछ। |
| खर्चको मापदण्ड | प्रदेश नं ५ को सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, |
| अपेक्षित उपलब्धि | सामुदायिक विद्यालयका खेलकुद शिक्षकले प्रशिक्षण प्राप्त गरेका हुनेछन्। |

*६. साझेदारीमा विद्यालय खेलकुद संरचना मर्मत सम्भार तथा निर्माण ।*

| खर्च शीर्षक नं | बजेट | एकाइ | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २५३११ | रु १ करोड २० लाख | वटा | २४ | प्र.चौ. दो.चौ. ते.चौ. |

| | |
|---|---|
| परिचय | सामुदायिक विद्यालयमा रहेका विभिन्न किसिमका इनडोर तथा आउटडोर खेल संरचनाको मर्मत संभार तथा निर्माणमार्फत विद्यालय स्तरमा खेलकुद प्रतियोगिताहरुको सञ्चालनमा सहयोग पुर्याइ खेल क्षेत्रको प्रबर्धन र विकासका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो |
| उद्देश्य | सामुदायिक विद्यालयमा रहेका विभिन्न किसिमका इनडोर तथा आउटडोर खेल संरचनाको मर्मत संभार तथा निर्माण गर्ने । |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन गर्ने निकाय | सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. मन्त्रालयले इच्छुक सामुदायिक माध्यमिक विद्यालयबाट सार्वजनिक सूचनामार्फत् प्रस्तावना माग गर्नुपर्नेछ। पेश भएका प्रस्तावउपर मूल्याङ्कन गरी साझेदारीका लागि प्रति जिल्ला कम्तीमा २ वटा पर्ने गरी विद्यालय छनौट गर्नुपर्नेछ। तर कुनै जिल्लाबाट आवश्यक संख्यामा माग प्राप्त नभएमा कुनै अर्को जिल्लाबाट २ भन्दा बढी विद्यालय साझेदारीका लागि छनौट गर्न सकिने छ ।<br>२. यस कार्यक्रमका लागि छनौट भएको विद्यालयलाई खेल संरचनाको मर्मत संभार तथा निर्माणका लागि उक्त विद्यालयको कम्तीमा १५ प्रतिशत नगद रकम साझेदारीको सुनिश्चितता हुनेगरी सम्बन्धित डिभिजन कार्यालयले बढीमा ५ लाख साझेदारी रकम उपलब्ध गराउनु पर्नेछ।<br>३. सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधनसहित) अनुसार हुनेगरी खेलकुद संरचना निर्माणको कार्य सम्पन्न गर्नुपर्नेछ ।<br>४. सामाजिक विकास डिभिजन कार्यालयले प्रत्येक चौमासिक अवधि समाप्त भएपछि निर्देशनालय र सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |
| बजेट बाँडफाँट | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्ने छ । |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास मन्त्रालय र शिक्षा तथा सामाजिक विकास निर्देशनालयबाट कार्यक्रमको अनुगमन र मूल्याङ्कन गरिनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि त्यसको प्रतिवेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालय र शिक्षा तथा सामाजिक विकास निर्देशनालयमा पेश गर्नु पर्नेछ । |
| खर्च क्षेत्र | विद्यालयमा रहेका खेलकुद संरचनाको मर्मत संभार, नयाँ खेलकुद संरचना निर्माण |
| विद्यालयको | कुल लागत अनुमानको कम्तिमा १५ प्रतिशत रकम |

| | |
|---|---|
| न्यूनतम लागत सहभागिता | |
| प्रति विद्यालयलाई उपलब्ध गराउने अधिकतम रकम | रु. ५ लाख |
| विद्यालय छनौटका आधार | १. विद्यालयमा खेलकुद प्रशिक्षकको व्यवस्था भएमा १० अंक ।<br>२. कूल लागत अनुमानको १५ देखि २० प्रतिशत सम्म बजेट साझेदारीको प्रतिबद्धता भएमा ५ अंक र २० प्रतिशत भन्दा बढी बजेट साझेदारीको प्रतिबद्धता भएमा थप ५ अंक गरी बढिमा जम्मा १० अङ्क ।<br>३. विद्यालयमा मुस्लिम वा दलित वा मधेशी छात्राहरु अध्ययनरत भएमा ५ अंक।<br>४. विद्यालयमा कुनै पनि खेलकुद संरचना नभएको भएमा १० अंक।<br>५. विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले विगत ५ वर्ष यता राष्ट्रिय वा प्रदेशस्तरीय वा जिल्लास्तरीय खेलकुद प्रतियोगितामा भाग लिएको वा पदक प्राप्त गरेको भएमा ५ अंक।<br>६. विद्यालयमा १००० जनासम्म विद्यार्थी अध्ययनरत भएमा ५ अंक र सो भन्दा बढी भएमा थप ५ अंक गरी जम्मा १० अंक।<br>७. जिल्ला सदरमुकाम वा प्रदेश राजधानी भन्दा बाहिरको विद्यालय भएमा ५ अंक। |
| प्राविधिक मूल्याङ्कन | खेलकुद संरचनाको निर्माण तथा मर्मत संम्भारको लगत अनुमान तयार, डिजाइन तथा स्पेसिफिकेशनको कार्य सम्बन्धित स्थानीय तहबाट गर्नुपर्नेछ। यसको जाँच पास डिभिजन कार्यालयको प्राविधिकबाट हुनेछ। |
| अन्य शर्तहरु | १. कार्यक्रम सम्पन्न पश्चात् सार्वजनिक परीक्षण गर्नुपर्नेछ।<br>२. यो कार्यक्रम चालु आ.व. भित्र सम्पन्न गरिसक्नु पर्नेछ।<br>३. कार्यक्रम सम्पन्न भए पछि डिभिजन कार्यालयबाट फरफारक गर्नुपर्नेछ। |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | सामुदायिक विद्यालयमा रहेका विभिन्न किसिमका २४ वटा इनडोर तथा आउटडोर खेल संरचनाको मर्मत, संभार तथा निर्माण भएको हुनेछ। |

*७. खेलकुद संरचनाको पुर्वाधार निर्माण साझेदारी कार्यक्रम*

| खर्च शीर्षक नं | बजेट | एकाइ | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| ३११५९ | रु २ करोड ४० लाख | वटा | २४ | प्र.चौ. दो.चौ. ते.चौ. |

| | |
|---|---|
| परिचय | विभिन्न किसिमका इनडोर तथा आउटडोर खेल संरचना तथा रंगशालाहरुको निर्माणमार्फत खेलकुद प्रतियोगिताहरुको सञ्चालनमा सहयोग पुर्याइ खेल क्षेत्रको प्रबर्धन र विकासका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | साझेदारीमा खेलकुद संरचनाको पुर्वाधार निर्माण गरी खेलकुदको विकास गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरु । |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. सामाजिक विकास मन्त्रालयले इच्छुक स्थानीय तहबाट साझेदारीमा खेलकुद संरचनाको पुर्वाधार निर्माणका लागि सार्वजनिक सूचनामार्फत् प्रस्तावना माग गर्नुपर्नेछ।<br>२. मन्त्रालयले पेश भएका प्रस्तावउपर मूल्याङ्कन गरी साझेदारीका लागि प्रति जिल्ला कम्तीमा २ वटा खेलकुद संरचना पर्ने गरी साझेदारीमा निर्माण गरिने खेल संरचना र सम्बन्धित स्थल छनौट गर्नुपर्नेछ। तर कुनै जिल्लाबाट आवश्यक संख्यामा माग प्राप्त नभएमा अर्को जिल्लाबाट २ भन्दा बढी खेलकुद संरचना र सम्बन्धित स्थल साझेदारीका लागि छनौट गर्न सकिने छ । तर यस कार्यक्रमबाट एउटा जिल्लामा ३ वटा भन्दा बढी खेलकुद संरचना निर्माण गर्न सकिने छैन तथा एउटा पालिकामा एक भन्दा बढी खेलकुद संरचना निर्माण गर्न पाइने छैन। |

| | |
|---|---|
| | ३. साझेदारीका लागि खेल संरचना र सम्बन्धित स्थल छनौट गर्दा लागत अनुमान, स्थानीय आवश्यकता, सम्बन्धित स्थानीय तहको कम्तीमा २० प्रतिशत रकम साझेदारीको सुनिश्चितता प्रतिबद्धता जस्ता पक्षलाई आधार बनाउनु पर्नेछ।<br>४. यस कार्यक्रम अन्तर्गत निर्माण हुने खेलकुद संरचनाका लागि सम्बन्धित स्थानीय तहको कम्तीमा २० प्रतिशत नगद रकम साझेदारीको सुनिश्चितता हुनेगरी सम्बन्धित डिभिजन कार्यालयले प्रति योजना बढीमा रु १० लाखसम्म साझेदारी रकम उपलब्ध गराउनु पर्नेछ।<br>५. सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधनसहित) अनुसार हुनेगरी खेलकुद संरचना निर्माणको कार्य सम्पन्न गर्नुपर्नेछ ।<br>६. सामाजिक विकास डिभिजन कार्यालयले प्रत्येक चौमासिक अवधि समाप्त भएपछि निर्देशनालय र सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ।<br>७. कार्यक्रम कार्यान्वयन गर्ने निकायले कार्यक्रम सम्पन्न पश्चात् कार्यक्रम स्थलमा लाभग्राहीको भेला गराइ सार्वजनिक परीक्षण गर्नुपर्नेछ। |
| बजेट बाँडफाँट | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्ने छ । |
| खर्च क्षेत्र | खेलकुदको भौतिक पुर्वाधार निर्माण |
| प्राविधिक मूल्याङ्कन | खेलकुद संरचनाको निर्माण तथा मर्मत संम्भारको लगत अनुमान तयार, डिजाइन तथा स्पेसिफिकेशनको कार्य तथा यसको जाँच पास सम्बन्धित पालिकाबाट हुनेछ। |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय र सामाजिक विकास डिभिजन कार्यालयबाट कार्यक्रमको अनुगमन र मूल्याङ्कन गरिनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि त्यसको प्रतिवेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालय र शिक्षा तथा सामाजिक विकास निर्देशनालयमा पेश गर्नु पर्नेछ । |
| प्रति संरचनालाई | रु. १० लाख। |

| | |
|---|---|
| उपलब्ध गराउने अधिकतम रकम | |
| निर्माण गर्न सकिने खेलकुद संरचना | इनडोर तथा आउटडोर खेल संरचनाहरु। |
| अन्य शर्तहरु | १. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित पालिकाको हुनेछ।<br>२. यो कार्यक्रम चालु आ.व. भित्र सम्पन्न गरिसक्नु पर्नेछ।<br>३. कार्यक्रम सम्पन्न भएपछि डिभिजन कार्यालयबाट फरफारक गर्नुपर्नेछ। |
| रकम निकाशा | डिभिजन कार्यालयले सम्बन्धित पालिकालाई दुई किस्तामा रकम उपलब्ध गराउने छ । |
| अपेक्षित उपलब्धि | प्रदेशका विभिन्न जिल्लाका विभिन्न स्थानमा साझेदारीमा २४ वटा खेलकुद संरचनाको निर्माण भएको हुनेछ। |

*८. नेत्रलाल अभागी रंगशाला, दाङ ।*

| खर्च शीर्षक नं | बजेट | एकाइ | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| ३११५९ | ७ करोड | वटा | १ | दो.चौ. ते.चौ. |

| | |
|---|---|
| परिचय | खेल संरचनाको निर्माणमार्फत विभिन्न खेलकुद प्रतियोगिताको सञ्चालनमा सहयोग पुर्याइ खेल क्षेत्रको विकासका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो । आ.ब. २०७५।०७६ मा रंगशालाको DPR निर्माण र फिल्ड सम्याउने कार्य सम्पन्न भएको छ। प्रदेश सरकाले यस योजनालाई प्रदेशको गौरवको आयोजनामा समावेश गरेको छ। |
| उद्देश्य | नेत्रलाल अभागी रंगशाला, दाङ निर्माण गरी खेलकुद संरचनाको विकास गर्ने । |
| कार्यक्रम सञ्चालन | पुर्वाधार विकास प्राधिकरण |

| | |
|---|---|
| गर्ने निकाय | |
| कार्यक्रम सञ्चालन प्रक्रिया | निम्नानुसारको प्रक्रिया पुरा गरी यस कार्यक्रमको कार्यान्वयन गर्नुपर्नेछः<br>१. वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।<br>२. स्वीकृत वार्षिक कार्यक्रम बमोजिम पुर्वाधार विकास प्राधिकरणलाई अख्तियारी प्रदान गर्ने।<br>३. अनुगमन मूल्याङ्कनका आधारहरुको विकास गर्ने ।<br>४. नियमित रुपमा अनुगमन, मूल्याङ्कन, समन्वय, सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्ने ।<br>५. सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधनसहित) अनुसार कार्यक्रम सञ्चालन गर्ने । |
| बजेट बाँडफाँट | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्ने छ । |
| खर्च क्षेत्र | रङ्गशालाको भौतिक पुर्वाधार निर्माण |
| खरिद प्रक्रिया | बहुवर्षीय बोलपत्र |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन र मूल्याङ्कन गरिनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि त्यसको प्रतिवेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पेश गर्नु पर्नेछ । |
| अपेक्षित उपलब्धि | नेत्रलाल अभागी रंगशाला, दाङ निर्माण भई खेलकुद संरचनाको विकास भएको हुनेछ । |

*९. उजीरसिंह रंगशाला, बुटवल ।*

| खर्च शीर्षक नं | बजेट | एकाइ | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३११५९ | रु ४ करोड | वटा | १ | दो.चौ. ते.चौ. |

| | |
|---|---|
| परिचय | खेल संरचनाको निर्माणमार्फत विभिन्न खेलकुद प्रतियोगिताको सञ्चालनमा सहयोग पुर्याइ खेल क्षेत्रको विकासका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो । आब २०७५।०७६ मा रंगशालाको DPR निर्माण, माटो परीक्षण, साइड वाल निर्माणको काम भएको छ। |
| उद्देश्य | उजीरसिंह रंगशाला, बुटवल निर्माण गरी खेलकुद संरचनाको विकास गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | सहरी विकास तथा भवन कार्यालय, रुपन्देही । |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।<br>२. स्वीकृत वार्षिक कार्यक्रम बमोजिम भौतिक पुर्वाधार विकास मन्त्रालयलाई अख्तियारी प्रदान गर्नुपर्नेछ ।<br>३. अनुगमन मूल्याङ्कनका आधारहरुको विकास गर्ने ।<br>४. नियमित रुपमा अनुगमन मूल्याङ्कन गरी समन्वय, सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्ने।<br>५. सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधनसहित) अनुसार कार्यक्रम सञ्चालन गर्ने । |
| बजेट बाँडफाँट | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्ने छ । |
| खर्च क्षेत्र | रङ्गशालाको भौतिक पुर्वाधार निर्माण |
| खरिद प्रक्रिया | बहुवर्षीय बोलपत्र |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्नुपर्नेछ । |

| | |
|---|---|
| **प्रतिवेदन** | चौमासिक रुपमा तथा कार्यक्रम सम्पन्न भएपछि त्यसको प्रतिवेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धि** | उजीरसिंह रंगशाला, बुटवल निर्माण भई खेलकुद संरचनाको विकास भएको हुनेछ । |

*१०. स्काउट तालिम सञ्चालन कार्यक्रम*

| खर्च शीर्षक नं | बजेट | एकाइ | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | २० लाख | पटक | १ | प.चौ. दो.चौ. ते.चौ. |

| | |
|---|---|
| परिचय | सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा स्वयंसेवी भावनाको विकास गर्ने, स्काउटिङका सिद्धान्त तथा उद्देश्यको जानकारी गराउने, सामाजिक सेवाका लागि उनीहरुलाई उत्प्रेरित गर्ने कार्यका लागि स्काउट तालिम कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | स्काउट तालिमका माध्यमबाट विद्यार्थीमा स्वयंसेवी भावनाको विकास गर्ने, स्काउटिङका सिद्धान्त तथा उद्देश्यको जानकारी गराउने, सामाजिक सेवाका लागि उनीहरुलाई उत्प्रेरित गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरु |
| कार्यक्रम सञ्चालन प्रक्रिया | यस कार्यक्रमको सञ्चालनको लागि देहायको प्रक्रिया अवलम्बन गर्नु पर्ने छ ।<br>१. प्रस्तुत कार्यक्रम सञ्चालनका लागि जिल्ला स्काउट र सम्बन्धित विद्यालयसँगसमेत साझेदारी गर्न सकिनेछ ।<br>२. डिभिजन कार्यालयले जिल्लास्थित स्काउटसँग समन्वय गरी तालिमको पाठ्यक्रम, तालिम अवधि तथा प्रशिक्षकहरुको रोष्टर तयार गर्नुपर्ने छ। |

| | |
|---|---|
| | ३. डिभिजन कार्यालयले स्काउट तालिमको विस्तृत कार्य योजना र सार्वजनिक खरिद ऐन नियम तथा अन्य प्रचलित कानुन अनुसार लागत अनुमान तयार गर्नु पर्नेछ।<br>४. तालिमको स्वीकृत कार्यक्रम बमोजिम स्काउट तालिममा सहभागी हुन इच्छुक विद्यालयलाई तालिममा सहभागी हुनका लागि सूचना प्रकाशन गर्नुपर्नेछ।<br>५. डिभिजन कार्यालयले प्राप्त बजेटको परिधिभित्र रही प्रति जिल्ला २ वटा सामुदायिक माध्यमिक विद्यालय छनौट गर्नुपर्ने छ।<br>६. छनौट भएका विद्यालयका कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीबाट कम्तीमा ३० जना विद्यार्थी सहभागी गराई सम्बन्धित विद्यालयमै नेपाल स्काउट तालिम पद्धतिमा आधारित भई स्काउट सम्बन्धी तालिम सञ्चालन गर्नुपर्नेछ।<br>७. विद्यालयसँग स्काउट तालिमका लागि संझौता गर्दा तालिम पश्चात पनि स्काउटको गतिविधिलाई निरन्तरता दिने गरी गर्नुपर्नेछ। |
| बजेट बाँडफाँट | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्ने छ । |
| खर्चका क्षेत्र | प्रशिक्षकको दैनिक भ्रमण भत्ता तथा प्रशिक्षण शुल्क, सहभागी खाजा, सहभागीको ड्रेस, तालिमको मसलन्द, स्काउट सामग्री |
| विद्यालय छनौटका आधार | १. विद्यार्थी संख्यावापत १००० जना सम्म विद्यार्थी भएमा ५ अंक र सो भन्दा बढी भएमा थप ५ अंक गरी जम्मा १० अंक।<br>२. ५० वा सो भन्दा कम प्रतिशत छात्रा सहभागी हुने भएमा ५ अंक र सो भन्दा बढी भएमा थप ५ अंक गरी जम्मा १० अंक।<br>३. जिल्ला सदरमुकाम रहेको पालिकाको सम्बन्धित वडाको विद्यालय भएमा ५ अंक र बाहिरको भएमा थप ५ अंक गरी जम्मा १० अंक।<br>४. मुस्लिम वा दलित वा मधेशी छात्रा सहभागी हुने भएमा ५ अंक। |

| | |
|---|---|
| | ५. विद्यालयले तालिम खर्चको कम्तीमा २० प्रतिशत रकम लागत साझेदारीको प्रतिबद्धता गरेमा १० अंक । |
| सहभागी छनौटका आधार | १. दलित, मुस्लिम र मधेशी छात्रालाई उच्च प्रथमिकता दिनुपर्नेछ।<br>२. छात्रालाई प्राथमिकता दिनुपर्नेछ।<br>३. कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थी हुनुपर्नेछ।<br>४. प्रति विद्यालय कम्तीमा ३० जना सहभागी हुनुपर्नेछ। |
| प्रशिक्षकको योग्यता | नेपाल स्काउटबाट मान्यता प्राप्त प्रशिक्षक हुनुपर्नेछ। |
| तालिमको अवधि | स्काउटको तालिम पाठ्यक्रम अनुसार |
| खर्चको मापदण्ड | प्रदेश नं ५ को सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५। |
| अपेक्षित उपलब्धि | विद्यालयमा स्काउट तालिमका माध्यमबाट विद्यार्थीमा स्वयंसेवी भावनाको विकास भएको हुनेछ । |

## ब.उ.शि.नं. ३५०००१६ श्रम तथा रोजगार कार्यक्रम

*१. खेलकुद प्रशिक्षक प्रशिक्षण कार्यक्रम*

| खर्च शीर्षक नं | बजेट | एकाइ | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ४ करोड ५० लाख | जना | १००० | दो.चौ. ते.चौ. |

| | |
|---|---|
| परिचय | खेलकुदको माध्यमबाट खेलाडीहरुको सर्वाङ्गीण पक्षको विकास गर्दै प्रादेशिक पहिचान र राष्ट्रको गौरव बढाउन उनीहरूमा रहेको बहुप्रतिभाको प्रष्फुटन गराई खेलकुदको |

| | |
|---|---|
| | विकासमा योगदान पुऱ्याउनका लागि दक्ष तथा क्षमतावान खेलकुद प्रशिक्षकको आवश्यकता पर्ददछ। अतः विभिन्न खेलसँग सम्बन्धित प्रशिक्षकलाई प्रशिक्षण प्रदान गरी खेलकुदको विकासमा सहयोग पुर्याउनका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | विभिन्न खेलसँग सम्बन्धित प्रशिक्षकलाई प्रशिक्षण प्रदान गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | सामाजिक विकास डिभिजन कार्यालयहरु |
| कार्यक्रम सञ्चालन प्रक्रिया | निम्नानुसारका प्रक्रिया पुरा गरी कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने छः<br>१. मन्त्रालयले जिल्लागत रुपमा बजेटको बाँडफाँट गरी सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा बजेट खर्चको अख्तियारी प्रदान गर्नुपर्नेछ।<br>२. डिभिजन कार्यालयले कार्यक्रम सञ्चालनका लागि कार्ययोजना सहित कार्यक्रमको अवधारणा पत्र तयार गर्नुपर्नेछ।<br>३. यस मार्गदर्शनमा उल्लेखित आधारमा जिल्लास्थित खेलकुद विकास समितिसँग समन्वय गरी प्रशिक्षण गरिने खेलकुदको नाम, प्रशिक्षण अवधि, लागत अनुमान लगायतका विवरण तयार गर्नुपर्नेछ।<br>४. प्रशिक्षण प्रदान गरिने खेलकुदको क्षेत्रमा प्रशिक्षण गर्ने योग्यता पुगेका प्रशिक्षकहरुलाई सूचीबद्ध गर्न सूचना आब्हान गरी प्रशिक्षकको जिल्लागत रोष्टर तयार गर्ने।<br>५. प्रशिक्षणमा सहभागी गराउन चाहने विद्यालय, विश्वविद्यालय, होस्टेल, खेलकुदका व्यावसायिक क्लव, खेलकुद संस्था तथा अन्य व्यक्तिलाई लक्षित गरी कम्तीमा १५ दिनको सूचना आब्हान गरी प्रशिक्षार्थीहरुको जिल्लागत सूची तयार गर्ने।<br>६. जिल्लास्थित खेलकुद विकास समितिसँग सहकार्य गरी प्रशिक्षार्थी तथा प्रशिक्षकहरुको अन्तिम सूची तयार गर्ने।<br>७. प्रशिक्षण सञ्चालन गर्ने समय तालिका र स्थान तय गर्ने। |

| | |
|---|---|
| | ८. प्रशिक्षणको नियमित अनुगमन गर्ने।<br>९. सम्बन्धित संस्थाले आफुले मनोनयन गरी पठाएको प्रशिक्षार्थीलाई प्रशिक्षण पश्चात् आफ्नो खर्चमा आफ्नो संस्थामा खेलकुद प्रशिक्षणमा संलग्न गराउने प्रतिबद्धता व्यक्त गर्नुपर्नेछ।<br>१०. डिभिजन कार्यालयबाट प्रशिक्षणको श्रव्यदृश्य सामग्री तयार गर्नुपर्नेछ।<br>११. तालिम समापन भएपश्चात् प्रशिक्षार्थीलाई प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ। |
| खर्चका क्षेत्र | सहभागी खाजा, प्रशिक्षण शुल्क, प्रशिक्षक दैनिक भ्रमण खर्च, प्रशिक्षण सामग्री खरिद, सहभागी यातायात, श्रव्य दृश्य सामग्री निर्माण खर्च, प्रशिक्षण हल भाडामा लिनु परेमा सोको खर्च, प्रमाण पत्र छपाइ खर्च। |
| बजेट बाँडफाँट | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्ने छ । |
| जिल्ला खेलकुद विकास समितिको भूमिका | १. प्रशिक्षणको पाठ्यक्रम, प्रशिक्षकको योग्यता र प्रशिक्षार्थीको योग्यता निर्धारण गर्न सहजीकरण गर्ने।<br>२. प्रशिक्षार्थी छनौटमा सहयोग गर्ने।<br>३. कार्यालयमा रहेका खेल सामग्री उपलब्ध गराउने।<br>४. प्रशिक्षण सञ्चालन गर्न सहजीकरण गर्ने।<br>५. अन्य कार्यहरु। |
| प्रशिक्षणमा समावेश गरिने खेल | भलिवल, फुटवल, क्रिकेट, मार्शल आर्टस, एथलेटिक्स, कबड्डी, कुस्ती, चेस |
| प्रशिक्षार्थीको न्युनतम योग्यता | १. विगत २ वर्ष यता नियमित रुपमा खेलकुदमा संलग्न भएको।<br>२. १८ वर्ष उमेर पुरा भइ ४० वर्ष ननाघेको।<br>३. कम्तिमा १२ कक्षा उत्तीर्ण गरेको। |

| | |
|---|---|
| | ४. प्रदेश ५ भित्र वसोवास गरेको। |
| प्रशिक्षार्थी मनोनयन गर्न सक्ने निकाय | खेलकुद एकेडेमीहरु, विश्वविद्यालयहरु, निजी तथा सामुदायिक संघसंस्थाहरु, सामुदायिक तथा निजी विद्यालयहरु, खेलकुदका संघ संस्थाहरु, होस्टेलहरु, प्राविधिक शिक्षालयहरु, व्यावसायिक खेल क्लवहरु, मेडिकल कलेजहरु। |
| प्रशिक्षार्थी छनौटका आधार तथा अंकभार | १. २ देखि ५ वर्षसम्म नियमित रुपमा खेलकुदमा भाग लिएको भएमा ५ अंक र सो भन्दा बढी भएमा प्रति वर्ष १ अंकका दरले बढिमा थप ५ अंक गरी जम्मा १० अंक।<br>२. महिला भएमा ५ अंक र मुस्लिम वा दलित वा मधेशी समुदायका महिला भएमा थप ५ अंक गरी जम्मा १० अंक।<br>३. राष्ट्रिय वा प्रदेश वा जिल्ला स्तरका खेलकुदमा भाग लिई तृतीय स्थानसम्म प्राप्त गरेको भएमा ५ अंक।<br>४. जिल्ला सदरमुकाम रहेको पालिकाको वडा तथा प्रदेश राजधानी रहेको पालिकाभन्दा बाहिरका बासिन्दा भएमा ५ अंक।<br>५. प्रशिक्षण पश्चात् प्रशिक्षणमा भाग लिनेलाई आफ्नो खर्चमा नियमित रोजगारी दिने भनी यस मार्गदर्शनमा उल्लेखित संस्थाको प्रतिबद्धता पत्र भएमा १० अंक। |
| प्रशिक्षार्थी मनोनयन गर्ने संस्थाको दायित्व | १. मापदण्ड अनुसार प्रशिक्षार्थी छनौट गरी पठाउने।<br>२. छनौट गरेका प्रशिक्षार्थीलाई प्रशिक्षण पश्चात् आफ्नो संस्थामा खेलकुद प्रशिक्षणमा सहभागी गराउने।<br>३. आफ्नै लगानीमा आफनो संस्थाभित्र खेलकुद संरचना निर्माण गर्ने। |
| खर्चको मापदण्ड | प्रदेश नं ५ को सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, |
| प्रशिक्षण अवधि | न्युनतम १ महिना |
| प्रशिक्षार्थी संख्या | प्रति समूह ३० जना |

| अपेक्षित उपलब्धि | विभिन्न खेलसँग सम्बन्धित प्रशिक्षकहरुले प्रशिक्षण प्राप्त गरेका हुनेछन्। |
|---|---|

## ब.उ.शि.नं. ३५०००० १७, भाषा तथा संस्कृति कार्यक्रम

### *१. प्रदेश ५ भित्र बोलिने लोपोन्मूख तथा अन्य भाषा एवं लिपिको संरक्षण तथा विकास कार्यक्रम*

| खर्च शीर्षक नं | बजेट | एकाइ | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २० लाख | वटा | ४ | प्र.चौ. दो.चौ. ते.चौ. |

| | |
|---|---|
| परिचय | प्रदेश ५ भित्र बोलिने लोपोन्मूख तथा अन्य भाषा एवं लिपिको संरक्षण तथा विकास गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | प्रदेश नं ५ भित्र बोलिने लोपोन्मुख तथा अन्य गरी ४ वटा भाषा एवं लिपिको संरक्षण तथा विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. यस कार्यक्रमको सञ्चालनका लागि प्रदेश ५ भित्र बोलिने लोपोन्मुख तथा अन्य भाषा गरी ४ वटा भाषा तथा लिपिको छनौट गर्नुपर्नेछ।<br>२. छनौट भएका भाषा एवं लिपिको संरक्षण तथा विकासका लागि शब्दकोश निर्माण, अध्ययन अनुसन्धान, कार्यपत्र लेखन, प्रकाशन, तालिम/गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>३. यस कार्यक्रमको सञ्चालनका भाषा तथा लिपिसँग सम्बन्धित विश्वविद्यालय वा संघसंस्थासँग सहकार्य गर्न सकिनेछ। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँड गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्ने छ । |
| अपेक्षित उपलब्धि | प्रदेश नं ५ भित्र बोलिने लोपोन्मुख तथा अन्य गरी ४ वटा भाषा एवं लिपिको संरक्षण तथा विकास सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । |